बुद्धशान्ति गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बुधबारे, झापा

प.सं. ०७९/८०
च.नं...............

बुद्धशान्ति गाउँपालिका कार्यपालिकाको कार्यालय बुधबारे, झापा कोशी प्रदेश, नेपाल

## सेवा करारमा पदपुर्ति सम्बन्धि सूचना

(प्रथम पटक प्रकाशित मिति २०७९/११/२८)

मिति २०७९।११।१८ गते बसेको तेईसौं कार्यपालिकाको बैठकको निर्णय अनुसार यस गाउँपालिका मातहत सञ्चालित भागीरथा बुद्धशान्ति अस्पताल वा मातहतमा तपसिल बमोजिमको पद र तहमा स्थायी कर्मचारी सरुवा वा लोक सेवा आयोगबाट सिफारिस भई नआएसम्मको लागि बुद्धशान्ति गाउँपालिकामा सेवा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि, २०७९ बमोजिम सेवा करारमा कर्मचारी पदपुर्ति गर्नुपर्ने भएकोले ईच्छुक र योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित मितिले १५ (पन्ध्र) दिनभित्र दरखास्त दिन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| विज्ञापन नं. | पद नाम | तह | माग पद संख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|
| ०६/०७९।८० | मेडिकल अधिकृत | अधिकृतस्तर आठौं | १ (एक) | - मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. (MBBS) वा सो सरह उत्तीर्ण ।<br>- नेपाल मेडिकल काउन्सिल (N.M.C.) मा दर्ता भई स्थायी प्रमाण पत्र प्राप्त भएको । |
| ०७/०७९।८० | हेल्थ असिष्टेण्ट | सहायकस्तर पाँचौ | २ (दुई) | - मान्यता प्राप्त शिक्षण संस्थाबाट सामान्य चिकित्सामा प्रमाणपत्र तह उत्तीर्ण ।<br>- नेपाल स्वास्थ्य व्यवसायीक परिषद् (N.H.P.C.) मा दर्ता/नवीकरण भएको । |
| ०८/०७९।८० | सहायक कम्प्युटर अपरेटर | सहायकस्तर चौथो | १ (एक) | - मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरेको ।<br>- कम्प्युटर सम्बन्धी कम्तीमा तीन महिने आधारभूत तालिम लिएको वा समकक्षता कायम हुने शैक्षिक योग्यता भएको । |
| ०९/०७९।८० | डार्करुम एसिस्टेन्ट | सहायकस्तर चौथो | १ (एक) | - मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरि सम्वन्धीत विषयमा कम्तीमा ६ महिनाको तालिम प्राप्त गरेको ।<br>- नेपाल स्वास्थ्य व्यवसायीक परिषद् (N.H.P.C.) मा दर्ता/नवीकरण भएको । |

नोटः

१. दरखास्त दिने स्थानः बुद्धशान्ति गाउँपालिका, बुद्धशान्ति गाउँकार्यपालिकाको कार्यालय, बुधबारे ।

२. परिक्षा दस्तुरः

- आठौं तह रु. १०००।- (एक हजार)
- पाँचौं तह रु. ५००।- (पाँच सय)
- चौथो तह रु. ४००।- (चार सय)

युवराज कट्टेल
प्रमुख प्रशासकीय अधिकृत

# बुद्धशान्ति गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बुधबारे, झापा

प.सं. ०७९/८०
च.नं...............

बुद्धशान्ति गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बुधबारे, झापा कोशी प्रदेश, नेपाल

३. परिक्षा किसिमः

- मेडीकल अधिकृतः प्रारम्भिक योग्यताक्रम र अन्तर्वार्ता ।
- हेल्थ असिष्टेण्ट र डार्करुम एसिस्टेन्टः प्रारम्भिक योग्यताक्रम, लिखित र अन्तर्वार्ता
- सहायक कम्प्युटर अपरेटरः प्रारम्भिक योग्यताक्रम, लिखित, प्रयोगात्मक र अन्तर्वार्ता

४. उमेरः

- मेडीकल अधिकृतः २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको,
- हेल्थ असिष्टेण्ट र डार्करुम एसिस्टेन्टः १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको,
- सहायक कम्प्युटर अपरेटरः १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको, महिलाको हकमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको

५. दरखास्त दिने अन्तिम मितिः २०७९/१२/१२ गते कार्यालय समय भित्र । उक्त दिन सार्वजनिक विदा परेमा त्यस पश्चात लगत्तै कार्यालय खुलेको दिन ।

६. म्याद नाघी प्राप्त हुन आएका तथा रीत नपुगेका दरखास्त उपर कुनै कारवाही हुने छैन ।

७. दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरुः-

- आवेदन,
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
- अनुभव खुल्ने कागजातहरुको प्रमाणित प्रतिलिपि,
- कानून बमोजिम काउन्सिल वा परिषदमा दर्ता भएको प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि,
- तालिम सम्वन्धी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
- राजस्व तिरेको रसिद,
- २ (दुई) प्रति पासपोर्ट साइजको फोटो ।

८. सेवा सुविधाः तोकिए बमोजिम हुनेछ ।

९. परीक्षा कार्यक्रमको मिति पछि प्रकाशन गरिनेछ ।

१०. थप जानकारीको लागि प्रशासन शाखामा सम्पर्क गर्न सकिनेछ ।

युवराज कट्टेल
प्रमुख प्रशासकीय अधिकृत